# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
बाघखोर, नुवाकोट ।

## रोजगार संयोजक र प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(पत्रिकामा प्रकाशित मिति :- २०७७/०६/१४)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/७८ च.नं. १४४ को मिति २०७७/०२/१८ को पत्रानुसार तथा यस नगरपालिकाको मिति २०७७/०५/२१ को निर्णयानुसार यस नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक पद करारमा पदपूर्तिका लागि निम्नबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र मागबमोजिमका विवरण र राजस्व तिरेको रसिदसहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । यो सूचना नगरपालिकाको वेबसाइट www.belkotgadhimun.gov.np तथा सूचनापाटीमा हेर्न सकिनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७७/७८ | रोजगार संयोजक | अधिकृत छैठौंसरह | १ |
| १ | ०२/०७७/७८ | प्राविधिक सहायक | पाँचौं तहसरह | १ |

१. **विज्ञापन नं.०१/०७७/७८, रोजगार संयोजकको लागि आवश्यक न्यूनतम योग्यता र अनुभव :-**
(क) नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण भएको ।
(ख) उमेर :- कम्तीमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको ।
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

१.१ **दरखास्त दिने स्थान :-** बेलकोटगढी नगरपालिकाको कार्यालय (प्रशासन शाखा), बाघखोर, नुवाकोट ।
१.२. **दरखास्त दिने अन्तिम मिति :-** २०७७/०६/२८ साँझ ५ बजेसम्म ।
१.३. **आवेदनको दस्तुर :-** रु. १०००/-
१.४ **छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।
१.५ **आवेदनसाथ संलग्न कागजातहरु :-** आवेदक स्वयंले प्रमाणित गरेको देहायबमोजिम कागजातको प्रतिलिपिहरु
- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- २ प्रति पासपोर्ट आकारको फोटो

१.६ **सेवा सुविधा :-** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधासम्बन्धी मापदण्ड, २०७६ बमोजिम ।
१.७ **पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :-** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधासम्बन्धी मापदण्ड, २०७६ को दफा १४ मा तोकिएबमोजिम तथा कार्यालयले तोकेका अन्य कार्यहरु ।
१.८ **परीक्षाको मिति :** आवेदनको म्याद समाप्त भएपछि तोकिनेछ ।

२. **विज्ञापन नं.०२/०७७/७८, प्राविधिक सहायकको आवश्यक न्यूनतम योग्यता र अनुभव :-**
**(क)** सिभिल इन्जिनियरिङ प्रवीणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको
**(ख) अनुभव र सीप :** प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्नसक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्धसम्बन्धी सीपसहित कम्तीमा ६ महिनाको अनुभव भएको

**(ग) उमेर :-** कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

२.१ **दरखास्त दिने स्थान :-** बेलकोटगढी नगरपालिकाको कार्यालय (प्रशासन शाखा), बाघखोर, नुवाकोट ।
२.२ **दरखास्त दिने अन्तिम मिति :-** २०७७/०६/२८ साँझ ५ बजेसम्म ।
२.३ **आवेदनको दस्तुर :-** रु. ७००/-
२.४ **छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।
२.५ **आवेदनसाथ संलग्न कागजातहरु :-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

२.६ **सेवा सुविधा :-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्तिसम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।
२.७ **पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपर्तिसम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

३. क) यसअघि दरखास्त निवेदन दिएका आवेदकको निवेदनहरु यस सूचनाअनुसार नै कायम भएको मानिनेछ ।
ख) यसअघि आवेदन दिएका आवेदकहरुले दरखास्त फिर्ता लिन चाहेमा दस्तुर तिरेको रसिद लिई यो सूचनाको म्यादभित्रै स्वयं उपस्थित भएको खण्डमा आवेदन फिर्ता हुनेछ ।
ग) आवेदनको ढाँचा र कार्यविवरणलगायत अन्य जानकारी www.pmep.gov.np उपलब्ध छ। साथै नगरपालिकाको प्रशासन शाखाबाट समेत उपलब्ध हुनेछ ।